श्री

# रूकुमकोट जिल्ला अदालत

रूकुम (पूर्वी भाग)

☎ ०८८-४१३०८२

प्रशासन शाखा

प.सं. २०८०/८१

च.नं.: १२४६९

सुचना । सुचना ॥ सुचना ॥।

विषयः वैतनिक कानून व्यवसायी नियुक्ति सम्बन्धमा ।

(सूचान प्रकाशन मितिः- २०८१/०३/१६)

यस अदालतमा आउने सेवाग्राहीमध्ये कानून व्यवसायी राख्न नसक्ने असहाय, अशक्त,आर्थिक रुपमा विपन्न वा थुनामा रहेका व्यक्तिहरुलाई कानूनी सहायता उपलब्ध गराउनको लागि जिल्ला अदालत नियमावली,२०७५ को नियम १०१ बमोजिम वैतनिक कानून व्यवसायी रहने व्यवस्था अनुसार मिति २०८१।०४।०१ बाट रिक्त हुने वैतनिक कानून व्यवसायी पदमा रहि काम गर्न ईच्छुक अधिवक्ताहरुले यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस अदालतमा रितपूर्वक दरखास्त दिनहुन सम्बन्धित सबैको लागि यो सुचना प्रकाशित गरिएको छ। म्याद नाघी वा रित नपुगी आएमा दरखास्त उपर कुनै कारबाही नहुने बेहोरा अनुरोध छ।

१.पदः- वैतनिक कानून व्यवसायी

२.आवश्यक पद संख्याः-१(एक)

३.प्रदान गर्ने सेवाः-तोकिए अनुसार।

४.पारिश्रमिकः-तोकिए अनुसार।

५.पदावधिः-१ (एक) वर्ष।

६.दरखास्त दस्तुरः-रु.१०/-

७.संलग्न कागजातहरुः-

क)नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

ख)कानून विषयमा स्नातक/स्नाकोत्तर गरेको प्रमाणपत्रको प्रतिलिपि।

ग)अधिवक्ताको प्रमाणपत्रको प्रतिलिपि।

घ)सम्बन्धित विषयमा कुनै तालिम प्राप्त गरेको भए सोको प्रमाणपत्रको प्रतिलिपि।

८.दरखास्त दिने अन्तिम मितिः-२०८१।०३।३० सम्म।

९.सम्पर्क मितिः-२०८०।०३।३१ गते कार्यालय समय भित्र।

१०.छनौट किसिमः-अन्तर्वार्ता र तोकिएको अन्य आधारमा हुने।

११.अन्तर्वार्ता मितिः-सम्पर्क मितिको दिन तोकिने छ।

१२.नियुक्ति लिन आउनुपर्ने अवधिः-नियुक्तिका लागि छनौट भएका उम्मेदवारले छनौट भएको ७ (सात) दिन भित्र नियुक्ति लिन आउनुपर्ने।

नोटः-विस्तृत जानकारीका लागि यस अदालतको प्रशासन शाखामा सम्पर्क गर्नुहोला।

..................

ईश्वरीप्रसाद पुबेदी

शाखा अधिकृत